# एघारौं आवधिक योजना २०६४/०६५ - २०६६/०६७ मा हुलाक

## अध्याय २

## दशौं योजनाको समीक्षा

**२.६.४ सूचना तथा सञ्चारः** हुलाक सेवातर्फ आन्तरिक तथा वैदेशिक द्रुत डाँक सेवा र अन्तर्राष्ट्रिय धनादेश सेवाको क्षेत्रमा उल्लेख्य विस्तर भएको छ।

## अध्याय ३३:

## सूचना तथा सञ्चार

**२. अद्यावधिक स्थितिको समीक्षाः** दशौं योजनाको लक्ष्य र उपलब्धी स्थिति

| दशौं योजनाको लक्ष्य | दशौं योजनासम्मको उपलब्धि स्थिति |
|---|---|
| थप दश मुलुकमा अन्तर्राष्ट्रिय धनादेश सेवा विस्तार गरिने | योजना अवधिमा अन्तर्राष्ट्रिय धनादेश सेवा ५ विभिन्न देशमा विस्तार भएको |
| कम्तीमा थप १० स्थानमा आन्तरिक द्रुत सेवा र थप २० मुलुकमा द्रुत डाँक सेवा (EMS)को विस्तार गरिने | योजना अवधिमा द्रुत डाँक सेवा आन्तरिक १५ स्थन र वैदेशिक १२ मुलुकमा विस्तार भएको |

**३. समस्या, चुनौती तथा अवसरहरुः**

**अवसरः**

- देशव्यापी सञ्जालका रुपमा रहेको हुलाक सेवाप्रति आमजनताको विश्वास रहेको सन्दर्भमा हुलाक सेवाको विविधिकरण गरी सेवाग्राहीको आवश्यकता अनुरुप सजिलैसँग सेवा प्रदान गर्न सकिने अवसर छ।
- हुलाक सेवाको सञ्जाल राष्ट्रव्यापी हुनु।

**४. दीर्घकाली सोचः** छिटो, छरितो र प्रभावकारी हुलाक सेवा उपलब्ध गराउने।

**६. परिमाणात्मक लक्ष्यहरुः**

- हालसम्म नौ वटा जिल्ला हुलाक कार्यालयहरुमा मात्र Counter Automation भएकोमा बाँकी सबैमा कार्य गर्ने,
- जिल्ला हुलाक तथा प्रमुख ईलाका हुलाक कार्यालयहरुमा टेलिसेन्टरहरुको स्थापना गर्ने

**७. रणनीतिहरुः**

- हुलाकलाई व्यावसायिक र आत्मनिर्भर बनाउँदै सूचना तथा सञ्चार प्रविधिको व्यापक उपयोग गरी सार्वजनिक-निजी साझेदारी (PPP) को अवधारणा अनुसार कार्यसम्पादन गर्दै यसलाई स्वायत्त संस्थाको रुपा विकास गर्ने

## ८. नीति तथा कार्यक्रमहरुः

- हुलाकलाई स्वायत्त संस्थाको रुपमा विकास गर्न आवश्यक कानुनी व्यवस्था मिलाइनेछ
- हुलाक सेवामा धनादेश, हुलाक बचत बैंक, द्रुत डाँक सेवा, इ-पोष्ट, इ-मनि, मनि ट्रान्सफर, फिलाटेली जस्ता सेवाहरु सञ्चालन र प्रवर्द्धन गरिनेछ।
- हुलाक सेवामा आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउँदै सबै जिल्ला हुलाक कार्यालय र प्रमुख इलाका हुलाक कार्यालयमा टेलिसेन्टर स्थापना गर्दै जाने र जिल्ला हुलाक कार्यालयहरुमा Counter Automation गर्दै जानेछ।
- हुलाक सेवा प्रवाहमा निजी क्षेत्रसँग सहकार्य गरी सेवा प्रदान गरिनेछ।
- हुलाक कार्यालयहरुमा भौतिक पूर्वाधार विकास र यान्त्रिकरण गरिनेछ।
- जनशक्ति विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- क्षतिग्रस्त जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयहरुको पुनःनिर्माण र पुनःस्थापन कार्यमा शान्ति तथा पुनःनिर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ।

## ९. कार्यक्रमहरुः

**हुलाक सेवा सुदृढीकरणः** क्षतिग्रस्त संरचनाको पुनःनिर्माण तथा पुनःस्थापन गरी सेवा सुचारु गर्ने, हुलाक कार्यालयहरुमा टेलिसेन्टर स्थापना गर्ने, E-Post कार्यक्रम सञ्चालन गर्ने, जिल्ला हुलाक कार्यालयहरुमा Counter Automation गर्ने, परिवर्तित सन्दर्भमा हुलाक क्षेत्रमा आवश्यक ऐन नियम तर्जुमा र परिमार्जन गर्ने।

## १०. अपेक्षित उपलब्धिहरुः

- सबै जि.हु.का. तथा प्रमुख इ.हु.का.हरुमा Tele center स्थापना हुने,
- सबै जि.हु.का.हरुमा Counter Automation हुने

## ११. अनुमान तथा जोखिमहरु

**अनुमानः** अन्तर्राष्ट्रिय हुलाक सङ्गठनसँगको सहयोगमा निरन्तरता रहने

## १२. अनुमानित बजेट व्यवस्थाः

| क्र.सं. | कार्यक्रमहरु | रु. करोडमा | कैफियत |
|---|---|---|---|
| २. | हुलाक सेवा तर्फ (हुलाक सेवा विभाग) | २५.३५ | ५० लाख युपियु अनुदान पहिलो वर्ष |

## १३. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः

**कार्यान्वयन व्यवस्थाः** जिल्ला हुलाक र प्रमुख इलाका हुलाक कार्यालयहरुमा हुलाक सेवा विभाग, जिल्ला हुलाक कार्यालयहरु र स्थानीय निकायहरुसँग समन्वय गरी टेलिसेन्टरहरु स्थापना र सञ्चालन गरिनेछ।

# अध्याय ३७:
# विकेन्द्रीकरण र नेक्षपण

## २. अद्यावधिक स्थितिको समीक्षा:

विकेन्द्रीकरण कार्यानव्यन कार्ययोजनालाई अघि बढाउने उद्देश्यले आ.व. ०५८/०५९ देखि तीनवटा विषयगत क्षेत्र कृषि प्रसार र पशु सेवा, प्राथमिक शिक्षा र आधारभूत स्वास्थ्य सेवाका कार्यहरु स्थानीय निकाय मार्फत सञ्चालन हुने गरी निक्षेपण भयो। हुलाक सेवा निक्षेपण गर्ने नीति रहे तापनि सो हुन सकेन।

# अनुसूची ३:
# नीति तथा नतिजा तालिका:

## ३.३४ सूचना तथा सञ्चार:

| उद्देश्य | रणनीति | सूचक | जानकारीको स्रोत | मुख्य कार्यक्रमहरु | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|
| सूचना तथा संचारका विविध क्षेत्रहरुको विकास एवं प्रवर्द्धनद्वारा समावेशीकरणको अवधारणा अनुरुप देश भित्र भरपर्दो र गुणस्तरीय सूचना तथा संचार सेवा सर्वसुलभ रुपमा उपलब्ध गराई देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने। | • सूचना तथा संचार क्षेत्रका क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण एवं पुनर्स्थापना गर्ने।<br>• हुलाक सेवालाई सूचना तथा संचार प्रविधिको उपयोग गरी निजी क्षेत्र समेतको सहभागितामा एउटा स्वायत्त संस्थाको रुपमा विकास गर्ने। | • विभिन्न आर्थिक क्षेत्र एवं जीवनक विभिन्न पक्षमा सूचना प्रविधिको उपभोग र सकारात्मक प्रभाव।<br>• महशुलदरमा हुने गिरावट। | • सूचना तथा संचार मन्त्रालय तथा सम्बन्धित नियकायहरुका चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन।<br>• विशेष सर्वेक्षण प्रतिवेदन।<br>• स्थलगत निरीक्षण भ्रमण<br>• सूचन तथा सञ्चारका क्षेत्रमा जनताको सार्वजनिक टिप्पणी। | • सूचना तथा संचार क्षेत्रहरुका ध्वस्त संरचनाहरुको पुनर्निर्माण एवं पुनर्स्थापना कार्यक्रम।<br>• हुलाक सेवाको विकास, विस्तार एवं प्रवर्द्धन कार्यक्रम। | • शान्ति सुरक्षाको निरन्तरता।<br>• राष्ट्र विकासमा सूचना तथा संचार क्षेत्रको विकास सम्बन्धी नीतिको निरन्तरता। |

| परिमाण/नतिजा | नीति/कार्यनीति | सूचक | जानकारीको स्रोत | मुख्य कार्यक्रमहरु | अनुगमान तथा जोखिम |
|---|---|---|---|---|---|
| क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पुनर्स्थापना भएको हुने। | • क्षतिग्रस्त भएका संरचनाहरुको मर्मत, सुधार तथा पुनर्निर्माण गर्ने, आवश्यक उपकरणहरुको जडान गर्ने। | • पुनर्निर्माण तथा पुनर्स्थापित भई संचालनमा आएका संरचना संख्या।<br>• आत्म सम्बन्धित | • सूचना तथा संचार मन्त्रालय तथा सम्बन्धित नियकायहरुका चौमासिक एवं | • हुलाक भवनहरुको पुनर्निर्माण एवं पुनर्स्थापना कार्यक्रम। | • शान्ति सुरक्षाको स्थितिको अनुकुलता<br>• स्थानीय विकास मन्त्रालय तथा शान्ति तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | • क्षतिग्रस्त संरचनाहरुको पुननिर्माण एवं पुनर्सथापना कार्यमा स्थानीय विकास मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग आवश्यक समन्वय गर्ने। | निकायहरुसँग को समन्वयको प्रभावकारिता | वार्षिक प्रगति प्रतिवेदन।<br>• विशेष सर्वेक्षण प्रतिवेदन।<br>• स्थलगत निरीक्षण भ्रमण | | पुनर्स्थापना मन्त्रालयसँगको प्रभावकारी समन्वय<br>•<br>• आवश्यक बजेटको समयमा उपलब्धता |
| छिटो छरितो र स्तरीय हुलाक सेवा सर्वसुलभ हुने। | • हुलाकलाई स्वायत्त संस्थाको रुपमा विकास गर्न आवश्यक कानुनी व्यवस्था गर्ने<br>• हुलाक सेवामा धनादेश, हुलाक बचत बैंक, द्रुत डाँक सेवा, इ-पोष्ट, इ-मनी ट्रान्सफर फिलाटेलीजस्ता सेवाहरु सञ्चालन र प्रवर्दधन गर्ने<br>• हुलाक सेवामा आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउँदै सबै जि.हु.का. र प्रमख इ.हु.का.मा Telecenter स्थापना गर्ने। त्यस्तै सबै जि.हु.का.मा Counter Automation गर्ने।<br>• हुलाक सेवा प्रवाहमा निजी क्षेत्रसँग सहकार्य गरी सेवा प्रदान गर्ने।<br>• हुलाक कार्यालयहरुमा भौतिक पूर्वाधार विकास र यान्त्रीकरण गर्ने<br>• जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने | • निजी क्षेत्रको सहभागिता<br>• हुलाकलाई स्वायत्त संस्थाको रुपमा विकासको लागि आवश्यक कानुनको तर्जुमा।<br>• धनादेश, हुलाक बैंक, द्रुत डाँक सेवा, ई-पोष्ट, ई-मनी ट्रान्सफर जस्ता सेवाहरुको संचालन र उपभोग।<br>• टेलिसेन्टरहरु को स्थापना संख्या।<br>• जि.हु.का.हरुमा काउण्टर अटोमेशनको संख्या | • सूचना तथा संचार मन्त्रालय तथा सम्बन्धित नियकायहरुका चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन।<br>• विशेष सर्वेक्षण प्रतिवेदन।<br>• स्थलगत निरीक्षण भ्रमण | • थप १० वटा जिल्ला हुलाक निर्माणको लागि जग्गा खरिद हुने।<br>• थप ६ वटा जि.हु.का. र १५ वटा इ.हु.का.को नयाँ भवन निर्माण गर्ने।<br>• प्रमुख हुलाक कार्यालयहरुमा Counter Automation गर्ने।<br>• हुलाक बचत बैंकको Software निर्माण गर्ने।<br>• डाँक परिवहनलाई सुलभ गर्न सवारी साधन खरिद गर्ने।<br>• हुलाक सेवालाई आधुनिकीकरण र यान्त्रीकरण गर्ने<br>• E-Post को संचालन र Telecenter स्थापना गर्ने | • निजी क्षेत्रको सहभागिता हुने<br>• समयमा आवश्यक बजेट उपलब्ध हुने<br>• शान्ति सुरक्षाको स्थितिको अनुकुलता<br>• अन्तर्राष्ट्रिय हुलाक संगठनहरुको सहयोगको निरन्तरता |